# बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७५

## प्रदेश सरकार सुदूरपश्चिम प्रदेश (मन्त्रिपरिषद्) बाट मिति २०७६/०१/२० मा स्वीकृत

प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**सुदूरपश्चिम प्रदेश**

# बहुवर्षीय ठेक्का बन्दोवस्त सम्वन्धी निर्देशिका,२०७५

ठेक्का बन्दोबस्तमा निश्चित मापदण्ड निर्धारण गरी विकास आयोजनाहरुको लागि स्रोतको सुनिश्चितता, आयोजनाको लागत तथा व्यवस्थापनमा वित्तीय जवाफदेहिता र अनुशासन कायम गरी निर्दिष्ट समयावधिभित्र आयोजना सम्पन्न गर्ने व्यवस्था गर्न वाञ्छनी भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो निर्देशिका सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "आयोजना कार्यालय" भन्नाले आयोजना कार्यान्वयन गर्ने निर्देशनालय वा कार्यालय समेतलाई सम्झनु पर्दछ ।

(ख) "खरिद ऐन" भन्नाले खरिद सम्बन्धी प्रचलित कानूनलाई सम्झनु पर्दछ।

(ग) "खरिद" भन्नाले प्रदेशका सर्वजनिक निकायले खरिद सम्बन्धी प्रचलित ऐन बमोजिम कुनै मालसामान, परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने कार्य सम्झनु पर्दछ ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्दछ।

(ङ) "बहुवर्षीय आयोजना" भन्नाले आयोजना सम्पन्न गर्न एक आर्थिक वर्ष भन्दा बढी समयावधि लाग्ने प्रकृतिका आयोजनालाई सम्झनु पर्दछ।

(च) "विषयगत मन्त्रालय" भन्नाले वहुवर्षीय आयोजना कार्यान्वयन गर्ने गराउने जिम्मेवारी भएका प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्दछ।

**३. वहुवर्षीय ठेक्का बन्दोबस्तको लागि आधार तथा मापदण्डः** (१) देहाय बमोजिमका आधार पूरा भएको आयोजनालाई विषयगत मन्त्रालयले वहुवर्षीय ठेक्का बन्दोबस्तीमा लैजान प्रस्ताव गर्न सक्नेछ:

(क) विस्तृत आयोजना प्रतिवेदन तयार भएको,

(ख) वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण वा दुवै गर्नुपर्ने आयोजनाको लागि तोकिए बमोजिम मूल्यांकन वा परीक्षण प्रक्रीया प्रारम्भ भएको,

(ग) जग्गा प्राप्तिको प्रक्रिया पूरा भएको वा सडक यातायातको हकमा जग्गा प्राप्तिको प्रक्रिया प्रारम्भ भएको,

(घ) राष्ट्रिय वा प्रादेशिक महत्वको आयोजनाका रुपमा रहेको,

(ङ) स्रोत सुनिश्चितता भएको (मध्यमकालीन खर्च संरचना निर्माण भएपश्चात सोमा उल्लेख भए अनुरुप),

(च) बैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भै स्रोत सुनिश्चित भएको,

(छ) आयोजनाको दायित्व फरफारक गर्न कम्तीमा एकबर्षभन्दा बढी समय लाग्ने अवस्था रहेको,

(ज) संघ वा स्थानीय तहसंग लागत साझेदारीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र अनुपात अनुरुप लगानीको रकम समेत सुनिश्चित भएको,

(झ) प्रत्येक बर्ष सञ्चालन हुने क्रियाकलाप र नतिजा झल्किने गरी खरिद गुरुयोजना स्वीकृत भएको,

(ञ) प्रचलित खरिद सम्बन्धी कानुनले निर्धारण गरेका प्रक्रिया तथा मान्यताको पालना गरिएको ।

(२) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि सडक तथा सिँचाई आयोजनाको हकमा जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढिसकेको र जग्गाको कारण आयोजना

कार्यान्वयनमा अवरोध नहुने भनी विषयगत मन्त्रालयको सिफारिस सहित वहुवर्षीय ठेक्का बन्दोवस्तको लागि प्रस्ताव गर्न सकिनेछ ।

(३) आयोजनाहरुको कार्यप्रकृति र कार्यक्षेत्र फरक-फरक हुने भएकाले विषयगत मन्त्रालयहरुले आफ्ना क्षेत्रमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुको क्षेत्रगत (विशेषीकृत) मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको क्षेत्रगत मापदण्डलाई अन्तिम रुप दिनुअघि मन्त्रालयबाट सहमति लिनुपर्नेछ

४. **वहुवर्षीय ठेक्का वन्दोवस्तको लागि सहमति माग गर्ने** : (१) देहायका अवस्थामा कुनै आयोजना संचालन गर्न वहुवर्षीय ठेक्का वन्दोवस्त गर्नु पर्ने भएमा विषयगत मन्त्रालयले औचित्य खुलाई मन्त्रालयमा सहमति माग गर्न सक्नेछ ।

(क) स्रोत र समय व्यवस्थापनको दृष्टिकोणले एक बर्षमा कार्य सम्पन्न गर्न नसकिने भएमा,

(ख) वहुवर्षीय सम्झौता गरी खरिद गर्दा सार्वजनिक निकायलाई सारभूतरुपमा लाभ हुने भएमा,

(ग) खरिद सम्झौताको अवधिमा खरिदको परिमाण सारभूत रुपमा थपघट नहुने भएमा,

(घ) सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रियाहरु पूरा भएको ।

उपदफा (१) बमोजिम सहमति माग गर्दा दफा (३) बमोजिमका आधार तथा मापदण्ड पूरा भएको पुष्ट्याई सहितको निर्णय र कागजातसमेत संलग्न गर्नु पर्नेछ ।

५. **सहमति दिनसक्ने**: (१) दफा (४) बमोजिम वहुवर्षीय आयोजना ठेक्का बन्दोवस्तीका लागि विषयगत मन्त्रालयबाट सहमति माग भई आएका आयोजनाहरुलाई प्रदेश सरकारले अवलम्बन गरेको आर्थिक नीति, प्रदेश सरकारको प्राथमिकता, स्रोत साधनको अवस्था तथा सार्वजनिक हित समेत विचार गरी उपयुक्त देखिएमा मन्त्रालयले सहमति दिन सक्नेछ ।

(२) मन्त्रालयले प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ बमोजिम प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा भएको रकमलाई आधार मानी वहुवर्षीय ठेक्का स्विकृत भएका आयोजनामा आंशिक वा पूर्ण रुपमा बजेट रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।

६. **आयोजना प्राथमिकीकरण र बजेट सुनिश्चितता सम्बन्धी व्यवस्थाः** (१) आयोजना कार्यालयले वहुवर्षीय आयोजना ठेक्का सहमतिका लागि कार्य प्रारम्भ गरी निर्णयका लागि सम्बन्धित तालुक मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ ।

(२) विषयगत मन्त्रालयले बहुवर्षीय खरिद प्रक्रियामा गएका आयोजनाको प्राथमिकीकरण गरी आवश्यक बजेट सुनिश्चितता (Earmark) गर्नुपर्नेछ ।

(३) विषयगत मन्त्रालयलाई प्राप्त बजेटको सिलिङ्ग मध्ये वहुवर्षीय ठेक्का स्वीकृत भएका र कार्यान्वयनमा रहेका आयोजनाका लागि बजेट व्यवस्था गरी बाँकी रकम नयाँ आयोजनामा प्रस्ताव गर्नुपर्नेछ ।

७. **निर्देशन गर्न सक्नेः** मन्त्रालयले बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धमा निर्देशिकामा उल्लेख भएका विषय बाहेक अन्य विषयमा विषयगत मन्त्रलयलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

८. **निर्देशिकाको ब्याख्याः** यस निर्देशिकामा उल्लेखित व्यवस्थाको सम्बन्धमा दुविधा उत्पन्न हुन गएमा सोको व्याख्या मन्त्रालयले गर्नेछ ।

९. **प्रचलित कानून बमोजिम हुनेः** (१) बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी यस निर्देशिकामा उल्लेख भएका विषयहरु यसै बमोजिम हुनेछ ।

(२) प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म यस कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।